# Accountability Watch Committee (AWC)
# जवाफदेहिता निगरानी समिति

## प्रेस विज्ञप्ति

### ऐन संशोधनपछि मात्र संक्रमणकालीन न्याय आयोगमा पदाधिकारी नियुक्ति गर्न अपिल ।

**२३ असार २०७६**

सरोकारवालाहरुको बारम्बारको अनुरोध र खबरदारी पछि पनि सत्य निरुपण तथा वेपत्ता सम्बन्धि छानविन आयोग ऐन संशोधन नगरी पदाधिकारी नियुक्ति प्रकृया अघि बढाई संक्रमणकालीन न्याय प्रकृयालाई सरकार र राजनीतिक दलहरुले फेरि असफल पार्न गरेको प्रयासप्रति जवाफदेहिता निगरानी समितिको गम्भीर ध्यानाकर्षण भएको छ ।

मुलुकमा शान्ति प्रकृया सुरु भएको तेह्रबर्ष पुग्न लाग्दा पनि संक्रमणकालीन न्याय प्रक्रियालाई सम्बोधन गर्न सरकार र प्रमुख राजनैतिक दलहरु इमान्दार र गम्भिर नहुनुका साथै यस प्रकृयालाई टुङ्गोमा पुग्न नदिन भइरहेको प्रयासप्रती निगरानी समिति दुःख व्यक्त गर्दछ ।

द्वन्दपीडित र सरोकारहरुसँगको व्यापक परामर्श, सर्वोच्च अदालतले विभिन्न समयमा गरेको आदेश एवं अन्तर्राष्ट्रिय कानूनको परिपालनाका सम्बन्धमा अन्तर्राष्ट्रिय समुदायका सुझाब अनुसार ऐन संशोधन नगरी र सरोकारवालाहरुलाई विश्वासमा नलिई गठन गरिने आयोगहरु प्रभावकारी, विश्वसनीय र पीडितमैत्री हुन नसक्ने स्पष्ट छ । यसरी गठन हुने आयोगका कुनैपनि प्रकृयामा जवाफदेहिता निगरानी समिति सहभागी एवं सहयोगी नहुने विगतको निर्णय पुनःस्मरण गराउँदै नेपाल सरकार र सिफारिस समितिलाई बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ सर्वोच्च अदालतको आदेश एवं अन्तर्राष्ट्रिय मापदण्ड बमोजिम संशोधनपछि मात्र द्वन्दपीडित एवं अधिकारकर्मी समेतको अपनत्व हुनेगरी आयोग पुनर्गठन प्रकृया अघि बढाउँन हार्दिक अुनरोध गर्दछ । साथै, आयोगहरुले विगतमा भोग्नु परेको नियती र यथार्थतालाई स्मरण गराउँदै पुनः गल्ति नदोहोर्‍याउन नेपाल सरकार तथा पदाधिकारी नियुक्ति सिफारिस समिति समक्ष निगरानी समिति पुनः अनुरोध गर्दछ ।

विद्यमान कानून अन्तर्राष्ट्रिय मापदण्ड अनुकुल नभएकोले संयुक्त राष्ट्रसंघले यस कानून अन्तर्गत बन्ने आयोगहरुलाई सहयोग र समर्थन गर्न नसक्ने व्यहोरा प्रष्ट पारेको तर्फ ध्यानाकर्षण गराउँदै संयुक्त राष्ट्रसंघका सदस्य राष्ट्रहरु, दातृ निकाय र अन्तर्राष्ट्रिय समुदायलाई कानून संशोधन नगरी आयोग गठन गर्न सरकारले गरेको प्रयासमा साझेदार नहुन हार्दिक अनुरोध गर्दछ ।

जवाफदेहिता निगरानी समितिका तर्फबाट

चरण प्रसाई, संयोजक